प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम

प्रशासन शाखा

प्रदेश निजामती सेवाका सहायक चौथो तह (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना

सूचना नं. ७७/०७९/८० **प्रकाशन मिति :** २०७९।०९।२८

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट **ppsc.p2.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

यसरी पर्न आएका दरखास्त फारामहरूलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। **उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू :**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३१ बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ख) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाका लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको र शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ।

(च) दरखास्त दस्तुर सहायक चौथो तहका लागि रु. ३००।- (तीन सय) बुझाउनुपर्नेछ।

(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोड : २१००११७०१२ तथा राजस्व शीर्षक नं. : १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं. : १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१०००००१ मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

(ज) दरखास्त दिने अन्तिम मिति :- २०७९/१०/१८ र दोब्बर दस्तुर तिरी २०७९/१०/२५ सम्म

सहायक चौथो तह अप्राविधिक सेवातर्फ :

क्र.सं.	बढुवा सूचना नम्बर	सेवा, समूह, उपसमूह	पद सङ्ख्या	क्र.सं.	बढुवा सूचना नम्बर	सेवा, समूह, उपसमूह	पद सङ्ख्या
१	१५३/०७९-८०	खरिदार, प्रशासन, सा.प्र.	१ (एक)	२	१५४/०७९-८०	सह-लेखापाल, प्रशासन, लेखा	१ (एक)

प्रदेश निजामती सेवाका सहायक चौथो तह (अप्राविधिक/प्राविधिक) पदको खुला र समावेशी सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं. ७८/०७९/८० **प्रकाशन मिति :** २०७९।०९।२८

प्रदेश निजामती सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका रिक्त पदहरूको खुला तथा समावेशी सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली **ppsconline.p2.gov.np** मार्फत आवेदन दिनुपर्नेछ।

क्र.सं.	विज्ञापन नम्बर	पद, सेवा, समूह, उपसमूह	खुला/समावेशी	पुनः विज्ञापन	माग पद सङ्ख्या	जम्मा माग पद सङ्ख्या
(अ)	क) अप्राविधिक सहायक चौथो तहतर्फ					
१	१५५/०७९-८०	प्रशासन, सामान्य प्रशासन	खुला		३ (तीन)	३ (तीन)
		प्रशासन, लेखा			३ (तीन)	३ (तीन)
२	१५६/०७९-८०	प्रशासन, सामान्य प्रशासन	मधेशी महिला		१ (एक)	१ (एक)
३	१५७/०७९-८०	प्रशासन, सामान्य प्रशासन	मधेशी		१ (एक)	१ (एक)
		प्रशासन, लेखा			१ (एक)	१ (एक)
४	१५८/०७९-८०	प्रशासन, लेखा	दलित महिला		१ (एक)	१ (एक)
५	१५९/०७९-८०	प्रशासन, लेखा	मुस्लिम महिला		१ (एक)	१ (एक)
६	१६०/०७९-८०	प्रशासन, सामान्य प्रशासन	मुस्लिम		१ (एक)	१ (एक)
(आ)	क) प्राविधिक सहायक चौथो तह (स्वास्थ्य सेवा बाहेकका सेवातर्फ)					
१	१६१/०७९-८०	खा.पा.स.टे., इन्जिनियरिङ, सिभिल, स्यानिटरी	खुला		२ (दुई)	२ (दुई)
२	१६२/०७९-८०	खा.पा.स.टे., इन्जिनियरिङ, सिभिल, स्यानिटरी	मधेशी महिला		१ (एक)	१ (एक)
३	१६३/०७९-८०	खा.पा.स.टे., इन्जिनियरिङ, सिभिल, स्यानिटरी	दलित महिला		१ (एक)	१ (एक)
	ख) प्राविधिक सहायक चौथो तह (स्वास्थ्य सेवातर्फ)					
१	१६४/०७९-८०	अ.हे.ब., स्वास्थ्य, हे.ई.	खुला		१ (एक)	१ (एक)
२	१६५/०७९-८०	अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ	खुला		१ (एक)	१ (एक)
३	१६६/०७९-८०	ल्याब असिस्टेन्ट, स्वास्थ्य, मे.ल्या.टे.	खुला		१ (एक)	१ (एक)
४	१६७/०७९-८०	ल्याब असिस्टेन्ट, स्वास्थ्य, मे.ल्या.टे.	मधेशी महिला		१ (एक)	१ (एक)

परीक्षाको किसिम :- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

परीक्षा मिति :- पछि प्रकाशन गरिनेछ।

परीक्षा केन्द्र :- जनकपुरधाम।

दरखास्त दस्तुर :- सहायक चौथो तहका लागि रु. ३००।- (तीन सय) बुझाउनुपर्नेछ र त्यस पछिका थप प्रत्येक (खुला र समावेशी) का लागि रु. १५०।- (एक सय पचास) थप दस्तुर बुझाउनुपर्नेछ।

दरखास्त दिने अन्तिम मिति :- २०७९/१०/१८ र दोब्बर दस्तुर तिरी २०७९/१०/२५ सम्म

उम्मेदवारको उमेरको हद :-
- २०७९/१०/१८ सम्म १८ वर्ष उमेर पूरा भई पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको।
- इन्जिनियरिङ सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको।
- बहालवाला निजामती कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- आयोगको अनलाइन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरी All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय वाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड Select गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनोट गरी भुक्तानी गर्न सकिन्छ।

Online Payment बाट दरखास्त भुक्तानी गर्न : राष्ट्रिय वाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनोट गरिसकेपछि Online Payment Select गरी Next मा Click गर्ने त्यसपछि Connect IPS Login गरी रकम भुक्तानी गर्न सकिनेछ। Online Payment गर्ने उम्मेदवारहरूले तोकिएका वालेटहरूमध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ।

Offline बाट दरखास्त भुक्तानी गर्न : राष्ट्रिय वाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनोट गरिसकेपछि Offline Payment Select गरी Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ।

अपलोड गर्नुपर्ने कागजातहरू :- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फाराममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति :- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरण :- सेवा, समूह सम्बन्धी

तलब :- मधेश प्रदेश कानून बमोजिम।

सेवा सम्बन्धी मन्त्रालय :- सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय।

प्रदेश निजामती सेवाको खुला तथा समावेशी तर्फका प्रत्येक पदहरूको आवश्यक न्यूनतम शैक्षिक योग्यता

(अ) सहायक चौथो तह (अप्राविधिक/प्राविधिक) (सेवा, समूह, उपसमूह) :

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

१. **प्रशासन सेवा, सामान्य प्रशासन समूहका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण।

२. **प्रशासन सेवा, लेखा समूहका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण

३. **इन्जि सेवा., सिभिल समूह, स्यानिटरी उपसमूह, सब-इन्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाइ विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ वर्षको अनुभव प्राप्त।

४. **स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, अ.हे.ब. पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. वा सी.एम.ए. कोर्स उत्तीर्ण।

५. **स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ समूह, अ.न.मी पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण।

६. **स्वास्थ्य सेवा, मे.ल्या.टे. समूह, ल्याब असिस्टेन्ट पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. गरी ल्याब असिस्टेन्टको १ वर्षको कोर्स उत्तीर्ण

नोट : ग्रेडिङ पद्धतीबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 1.6 वा सोभन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्ने।

उम्मेदवारले पेस गर्नुपर्ने थप कागजात सम्बन्धमा विशेष निर्देशन : दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी पेस गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्दछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि आवश्यक पर्ने थप कागजातहरू

(क) **मधेशीको हकमा** : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

(ख) **दलितको हकमा** : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीका आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ग) **मुस्लिमको हकमा** : राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीका आधारमा तर राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात।

द्रष्टव्य :

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेस गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(च) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(छ) पाठ्यक्रम आयोगको वेबसाइट **ppsc.p2.gov.np** बाट प्राप्त गर्न सकिनेछ।